बैठक संख्याः ९२ औं

मिति २०८१/०५/१४ गते शुक्रबार बिहान ११:०० बजे यस शंखरापुर नगर कार्यपालिकाको कार्यालयको बैठक हलमा नगर प्रमुख श्री रमेश नापितज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा सम्पन्न गरियो।

उपस्थितिः

| क्र.सं. | नाम/थर | पद | सम्पर्क नं | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | श्री रमेश नापित | अध्यक्ष/नगर प्रमुख | ९८४१४६०३८० | |
| २. | श्री समिता श्रेष्ठ | उपाध्यक्ष/उप प्रमुख | ९८४१०९११८० | |
| ३. | श्री बेद नारायण दंगाल | सदस्य/वडा अध्यक्ष, १ नं वडा कार्यालय | ९८४३५२५३३२ | |
| ४. | श्री रन बहादुर थिङ | सदस्य/वडा अध्यक्ष, २ नं वडा कार्यालय | ९८५१०८०४६३ | |
| ५. | श्री सुर्य बहादुर तामाङ | सदस्य/वडा अध्यक्ष, ३ नं वडा कार्यालय | ९८५१२७५८७९ | |
| ६. | श्री सुना बहादुर तामाङ | सदस्य/वडा अध्यक्ष, ४ नं वडा कार्यालय | ९८५१०३२२१३ | |
| ७. | श्री शेर गम्भिर थापा | सदस्य/वडा अध्यक्ष, ५ नं वडा कार्यालय | ९८५१०११६४५ | |
| ८. | श्री राधाकृष्ण श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ६ नं वडा कार्यालय | ९८४१७८६३४५ | |
| ९. | श्री बिष्णु प्रसाद श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ७ नं वडा कार्यालय | ९८४१७३५७२४ | |
| १०. | श्री पोते थिङ | सदस्य/वडा अध्यक्ष, ८ नं वडा कार्यालय | ९८५११५४३०६ | |
| ११. | श्री सहदेव श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ९ नं वडा कार्यालय | ९८५१०७४७५० | |
| १२. | श्री मनिषा परियार | कार्यपालिका महिला सदस्य | ९८४८९०९४५४ | |
| १३. | श्री तिउरीमाया वाईबा | कार्यपालिका महिला सदस्य | ९८६०९४७६९६ | |
| १४. | श्री राज्यलक्ष्मी नेमकुल (जोशी) | कार्यपालिका महिला सदस्य | ९८४३१०६०८० | |
| १५. | श्री चन्दा श्रेष्ठ | कार्यपालिका महिला सदस्य | ९८४९५०६६८४ | |
| १६. | श्री उमादेवी कार्की | कार्यपालिका महिला सदस्य | ९८४०१३२५४७ | |
| १७. | श्री रमेश नेपाली | कार्यपालिका दलित सदस्य | ९८६०९९३२३४ | |
| १८. | श्री आनन्द रम्तेल | कार्यपालिका दलित सदस्य | ९८४१५३५०४९ | |
| १९. | श्री संजय रम्तेल | कार्यपालिका दलित सदस्य | ९८४९०४५५०५ | |
| २०. | श्री अमृत कुमार धिताल | सचिव/प्रमुख प्रशासकीय अधिकृत | ९८५१२६४१११ | |

<u>शंखरापुर नगर कार्यपालिकाको ९२ औं (मिति २०८१/०५/१४) बैठकका निर्णयहरु</u>

<u>निर्णय नं १:</u> यस नगरपालिकाको मिति २०८१/०४/११ गते बसेको कार्यपालिकाको ९१ औं बैठकका निर्णयहरु कार्यान्वयन सम्बन्धमा अनुसूची १ बमोजिम समीक्षा गरियो।

<u>निर्णय नं २:</u> यस नगरपालिकाको अनुगमन तथा सहजिकरण समितिको अनुसूची २ बमोजिम आ.व.२०८०/८१ को वार्षिक प्रतिवेदन पेश भएको र सो प्रतिवेदन माथि छलफल गरी प्राप्त सुझावहरुको कार्यान्वयन गर्ने र तपसिल बमोजिमका योजनाहरुको भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो।

<u>तपसिलः</u>

| वडा नं | योजनाको नाम | रकम रु |
|---|---|---|
| १ | ओपी कुवा निर्माण | ३००००० |
| २ | नेसुरटोल डाँडामा बुर्जा निर्माण | ५००००० |
| ३ | द्वारटोल सामुदायिक भवन निर्माण | ६००००० |
| ३ | नारायणथान मन्दिर संरक्षण | ५००००० |
| ३ | पाखिन सोझे ढोक्सान पदमार्ग | ४००००० |
| ६ | पुरानो वस पार्क ढल सरसफाई | १०००० |
| ८ | सिरानटोल ठाडो बाटो ट्रायक | ६००००० |
| ८ | मणीचूड आ.वि. नजिक विश्रामस्थल | ५००००० |
| ८ | भुजेलटोल बाटो निर्माण | ४००००० |
| ९ | इन्द्रायणी माई राखे घर व्यवस्थापन | १०००००० |
| | जम्मा | ४८१०००० |

<u>निर्णय नं ३:</u> यस नगरपालिकाको विधायन समितिले सिफारिस गरेका देहायका कार्यविधि पारित गर्ने निर्णय गरियो।

क. जेष्ठ नागरिक घरदैलो कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि,२०८१

ख. स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि,२०८१

ग. अस्थाई शिक्षक नियुक्ती सम्बन्धी कार्यविधि,२०८१

<u>निर्णय नं ४:</u> यस नगरपालिकाको विधायन समितिले सिफारिस गरेका देहायका कार्यविधि अनुसूची ३ र ४ बमोजिम संशोधन सहित पारित गर्ने निर्णय गरियो।

क. शंखरापुर नगरपालिकाको उपभोक्ता समिति व्यवस्थापन तथा परिचालन सम्बन्धी कार्यविधि(पहिलो संशोधन), २०७५

ख. शंखरापुर नगरपालिका लैंगिक हिंसा व्यवस्थापन कार्यविधि (पहिलो संशोधन), २०७८

__निर्णय नं ५:__ यस नगरपालिकाको इन्द्रायणी नगर अस्पतालमा सेवा विस्तारको लागि बागमती प्रदेश सरकारबाट हस्तान्तरित ससर्त कार्यक्रम अन्तर्गत इन्द्रायणी नगर अस्पताल एक प्रदेश एक निर्वाचन क्षेत्र कार्यक्रम शीर्षकमा विनियोजित रकम रु २०,००,०००/- (अक्षररुपी रु बीस लाख मात्र) बाट व्यवस्थापन गर्ने गरी एक जना MDGP चिकित्सक खुला प्रतियोगितात्मक परीक्षा मार्फत सेवा करारमा लिने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

__निर्णय नं ६:__ यस नगरपालिकाको इन्द्रायणी नगर अस्पतालमा स्वास्थ्य बिमा कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न नेपाल मेडिकल कलेज अत्तरखेल जोरपाटीसँगको सहकार्यमा हप्तामा कम्तिमा दुई पटक विशेषज्ञ सेवा सञ्चालन गर्ने गरी दुबै पक्षको सहमतिमा समझदारीपत्र तयार गरी कार्यान्वयन गर्ने निर्णय गरियो। साथै उक्त समझदारीपत्रमा यस शंखरापुर नगरपालिकाको स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध भएका नागरिकहरुलाई नेपाल मेडिकल कलेजमा उपचार गर्दा बिमाले नसमट्ने सेवाहरुमा लाग्ने जम्मा शुल्कको २० प्रतिशत वा बढीमा रु पचास हजार मध्ये जुन रकम कम हुन्छ सो रकम नगरपालिकाक स्वास्थ्य बिमा कोषबाट भुक्तानी दिने निर्णय गरियो।

__निर्णय नं ७:__ बागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि विकास निर्देशनालय/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय को आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयन गर्नका लागि मिति २०८१/०४/१५ गते प्रकाशित सूचना बमोजिम यस नगरपालिकाको वडा नं ८ मा तरकारी (स्कुस) खेती गर्न र वडा नं १ मा गाईपालन गर्ने गरी वडा छनौट गर्ने निर्णय गरियो। साथै समुदायमा आधारित एक वडा एक उत्पादन (दुध) को रु १०,००,०००/- (अक्षररुपी रु दश लाख मात्र) लागत साझेदारीको लागि आ.व.२०८१/०८२ को स्वीकृत कार्यक्रममा बजेट विनियोजन गरिएको र वडा नं ८ मा तरकारी (स्कुस) खेतीको लागि यस नगरपालिकाको उद्यम विकास कोषबाट लागत साझेदारी गर्न प्रतिबद्धता गरी स्रोतको व्यवस्थापन गर्ने निर्णय गरियो।

__निर्णय नं ८:__ यस नगरपालिकाको नगरस्तरीय विपद् व्यवस्थापन समितिको मिति २०८१/०४/१५ गतेको निर्णयानुसार आर्थिक वर्ष २०८१/८२ मा नगरपालिका तथा सङ्घ र प्रदेश अन्तर्गत विभिन्न मन्त्रालयहरुबाट विनियोजित बजेट मार्फत

कार्यान्वयन हुने तपसिल बमोजिमका योजनाहरुको लागि उल्लेखित वडाहरुमा रहेका नेपाल सरकारको नाममा दर्ता कायम रहेको सार्वजनिक पर्ति जग्गाहरुमा सार्वजनिक संरचना निर्माणको लागि सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति,२०७९ बमोजिम जग्गा प्राप्ति गर्नुपर्ने भएको हुँदा उक्त जग्गाहरुमा देहाय बमोजिमको सार्वजनिक संरचनाहरु निर्माण गर्नको लागि जग्गा प्राप्तिको प्रक्रिया अगाडी बढाउन सिफारिस समिति समक्ष सिफारिस गर्ने निर्णय गरियो।

| क्र.सं. | वडा नं | साविकको ठेगाना | कि.नं./क्षेत्रफल | जग्गाको स्वामित्व | प्राप्तीको लागि सिफारिस भएको क्षेत्रफल/तर्फ | प्रयोजन | कार्यान्वयन गर्ने निकाय | उपयोग गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|
| १ | शंखरापुर - ४ | लप्सेफेदी-२ छ | १ क्षेत्रफल १२-३-०-० | नेपाल सरकार पर्ति सरकारी | पुरै | ४ नं वडा कार्यालय भवन निर्माण | शंखरापुर नगरपालिका | शंखरापुर नगरपालिका |
| २ | शंखरापुर - २ | लप्सेफेदी ८ घ | ७५ क्षेत्रफल ३-१२-०-० | नेपाल सरकार पर्ति सरकारी | १-०-०-० दक्षिण पूर्व खण्ड | गाउँघर स्वास्थ्य क्लिनिक धारापानी | शंखरापुर नगरपालिका | स्थानीय समुदाय |
| ३ | शंखरापुर - २ | लप्सेफेदी ८ ङ २ | ६६ क्षेत्रफल १०-०-०-० | नेपाल सरकार पर्ति सरकारी | १-०-०-०दक्षिण पश्चिम खण्ड | पयौपानी किरियापुत्री घर निर्माण | बागमती प्रदेश सरकार | स्थानीय समुदाय |
| ४ | शंखरापुर - ८ | साल्खा ८ छ | ३८ क्षेत्रफल ७-७-०-० | नेपाल सरकार पर्ति सरकारी | ३-०-०-० दक्षिण पश्चिम खण्ड | बज्रयोगिनी सातपाते सामुदायिक हल निर्माण | शहरी विकास मन्त्रालय तथा शंखरापुर नगरपालिका | स्थानीय समुदाय |
| ५ | शंखरापुर - ८ | साल्खा ८ छ | ३८ क्षेत्रफल ७-७-०-० | नेपाल सरकार पर्ति सरकारी | १-०-०-०दक्षिण पूर्व खण्ड | बज्रयोगिनी साँस्कृतिक भवन | शहरी विकास मन्त्रालय | स्थानीय समुदाय |
| ६ | शंखरापुर - ८ | साल्खा ८ छ | ३९ क्षेत्रफल ३-८-०-० | नेपाल सरकार पर्ति सरकारी | २-०-०-० दक्षिण पूर्व खण्ड | तामाङ साँस्कृतिक भवन | बागमती प्रदेशको पर्यटन, सँस्कृति तथा सहकारी मन्त्रालय | स्थानीय समुदाय |
| ७ | शंखरापुर - ८ | साल्खा ८ ज | १३४ क्षेत्रफल ४११-४-२-० | नेपाल सरकार पर्ति सरकारी | ४-०-०-० कि.नं ५७ को दक्षिण पश्चिम तर्फ | मुक्तान टोल साँस्कृतिक भवन | बागमती प्रदेशको पर्यटन, सँस्कृति तथा सहकारी मन्त्रालय | स्थानीय समुदाय |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | शंखरापुर - ४ | लप्से फेदी २ घ १ | ९ क्षेत्रफल २०-१२-२-० | नेपाल सरकार पर्ति सरकारी | १-०-०-० उत्तर पश्चिम तर्फ | लप्से माथिल्लो गाउँ स्याङ्बोटोल सामुदायिक भवन निर्माण | शहरी विकास मन्त्रालय/शंखरापुर नगरपालिका | स्थानीय समुदाय |
| ९ | शंखरापुर - २ | नाङलेभारे ८ ख १ | २८८ क्षेत्रफल १४८-११-०-० | नेपाल सरकार पर्ति सरकारी | २-०-०-० पूर्व तर्फ | किरियापुत्री भवन | शंखरापुर नगरपालिका | स्थानीय समुदाय |
| १० | शंखरापुर - २ | नाङलेभारे ८ ग/ नाङलेभारे ८ घ | ४०५ क्षेत्रफल ४३-१२-०-०/ ६७७ क्षेत्रफल ०-१४-०-० | नेपाल सरकार भीर सरकारी / नेपाल सरकार पर्ति सरकारी | पुरै | स्वर्णिपुर सिकाई केन्द्र | शंखरापुर नगरपालिका | स्थानीय समुदाय |
| ११ | शंखरापुर - २ | लप्सेफेदी ८ ज | १ क्षेत्रफल १५-१२-०-० | नेपाल सरकार पर्ति सरकारी | २-०-०-० पूर्व तर्फ | देउराली ध्यन केन्द्र निर्माण | शंखरापुर नगरपालिका | स्थानीय समुदाय |
| १२ | शंखरापुर - २ | लप्सेफेदी ८ ज | ३ क्षेत्रफल १७-७-०-० | नेपाल सरकार पर्ति सरकारी | २-०-०-० उत्तर पश्चिम | वैदिक सनातनी संस्कृतिक भवन/केन्द्र | शंखरापुर नगरपालिका | स्थानीय समुदाय |
| १३ | शंखरापुर - १ | नाङ्लेभारे ३ ग | ६४ क्षेत्रफल ९२-०-०-० | नेपाल सरकार सल्लाघारी सरकारी | २-०-०-० पूर्व तर्फ | साँस्कृतिक भवन | शंखरापुर नगरपालिका | स्थानीय समुदाय |

**निर्णय नं ९:** नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत विभिन्न निकायहरुले जारी गरेको जानकारी तथा कार्यार्थ गरिएका परिपत्रहरु जानकारी गराई सोही बमोजिम गर्ने गरी निर्णय गरियो।

**निर्णय नं १०:** यस नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई उत्प्रेरित गर्न कार्यसम्पादनमा आधारित अतिरिक्त भत्ता उपलब्ध गराउन लेखा अधिकृत श्री गोविन्द प्रसाद अधिकारीको संयोजकत्वमा योजना शाखा प्रमुख श्री राममणि ढकाल र जिन्सी इकाइ प्रमुख श्री सुबोध थापा रहने गरी कार्यदल गठन गर्ने र उक्त कार्यदलले सात दिन भित्र प्रतिवेदन पेश गर्ने निर्णय गरियो।

निर्णय नं ११: यस नगरपालिका अन्तर्गतका वडा कार्यालय र स्वास्थ्य संस्थाका लागि तोकिएका सूचना अधिकारीहरुलाई **Post paid** सिम कार्ड सहित एक थान मोबाइल तथा सञ्चार खर्च बापत बढीमा रु ५०० मासिक रुपमा उपलब्ध गराउने निर्णय गरियो।

अनुसूची १

## शंखरापुर नगर कार्यपालिकाको ९१ औं (मिति २०८१/०४/११) बैठकका निर्णयहरुको समीक्षा

| निर्णय नं | निर्णयको व्यहोरा | कार्यान्वयन अवस्था |
|---|---|---|
| निर्णय नं ३: | यस शंखरापुर नगरपालिकाको नागरिक स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन कार्यविधि,२०८१ पारित गर्ने निर्णय गरियो। | राजपत्रमा प्रकाशित भएको |
| निर्णय नं ४: | यस शंखरापुर नगरपालिकाको कार्यसञ्चालन निर्देशिका,२०७८ को अनुसूची ३ बमोजिम संशोधन गर्ने निर्णय गरियो। | कार्यान्वयन भई सकेको |
| निर्णय नं ५: | यस शंखरापुर नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ मा सम्पादित क्रियाकलाप तथा कार्यक्रमहरुको वार्षिक समीक्षा मिति २०८१/०५/०७ र ०८ गते गर्ने निर्णय गरियो। | कार्यान्वयन भई सकेको |
| निर्णय नं ६: | नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत विभिन्न निकायहरुले जारी गरेको जानकारी तथा कार्यार्थ गरिएका परिपत्रहरु सम्बन्धी छलफल गरी आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। | कार्यान्वयन भई सकेको |
| निर्णय नं ७: | यस नगरपालिकामा हेभी इक्युपमेन्ट प्रयोग गरी विभिन्न प्रकारको माटो तथा चट्टान काट्ने कार्यको दररेट, वासिङ्ग ग्राभेलको दररेट लगायत ढुवानी गर्नुपर्ने निर्माण सामाग्रीको दररेट तपसिल बमोजिम हुने गरी कायम गर्न र अन्य दररेटको हकमा जिल्ला दररेट निर्धारण समिति, काठमाडौंबाट आ.व.२०८१/८२ को लागि स्वीकृत जिल्ला दररेटलाई नै पारित गरी **Civil Works, Road Rate Analysis, Water Supply and Irrigation** को **Rate Analysis** गरि प्रयोग गर्ने निर्णय गरियो। | कार्यान्वयन भई सकेको |

निर्णय नं ८: यस शंखरापुर नगरपालिकाको विभिन्न वडाहरुका कार्यान्वयन भई सकेको दर्ता छुट भएका जग्गाधनीहरुले यस आर्थिक वर्ष मालपोत कर बुझाउन आउँदा वि.सं. २०२१ देखिको हाल सम्मको मालपोत तिर्न पर्ने कानुनी प्रावधान रहेको हुँदा दर्ता छुट भएका व्यक्तिहरुको हकमा चालु आर्थिक वर्षको आर्थिक ऐन,२०८१ बमोजिमको दरको आधारमा जम्मा वर्षले गुणान गरी आउने रकम असुल उपर गर्ने निर्णय गरियो।

निर्णय नं ९: यस नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को कार्यान्वयन भई सकेको वार्षिक खरिद योजना पारित गर्ने गरियो।

निर्णय नं १०: यस शंखरापुर नगरपालिकाको आर्थिक वर्ष कार्यान्वयन भई सकेको २०८१/८२ को देहाय बमोजिमका सङ्घीय विशेष र बागमती प्रदेशका समपुरक योजनाहरुको ठेक्का व्यवस्थापन गर्न प्राविधिक लागत अनुमान स्वीकृत बजेट भन्दा बढी हुन आएको हुँदा तालिकामा उल्लेखित रकम नगरपालिकाको नगर स्तरीय समपुरक कोषबाट थप गरी ठेक्का व्यवस्थापन गर्नको लागि स्वीकृत दिने निर्णय गरियो।

## अनुसूची २

## योजना अनुगमन तथा सुपरिवेक्षण समितिको आ.व. २०८०।८१ को वार्षिक प्रतिवेदन

### १. पृष्ठभूमी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को उपदफा ४ ख, (५) तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को दफा ४.१० (घ) बमोजिम अनुगमन तथा सुपरिवेक्षण समितिले अनुगमन गरी यो प्रतिवेदन तयार गरिएको छ ।

### २. उद्देश्य

यस प्रतिवेदनको उद्देश्य नगरपालिकाबाट आर्थिक वर्ष २०८०।८१ मा भए गरेका विभिन्न योजना तथा कार्यक्रमहरुको अनुगमन गर्दा देखिएको अवस्था र अनुगमन समितिबाट दिएका सुझाव र आगामी दिनमा गर्नु पर्ने विषयको जानकारी कार्यपालिकामा पेश गर्ने रहेको छ ।

### ३. अनुगमनमा सहभागी

योजना तथा कार्यक्रमहरुको अनुमगमनको क्रममा देहाय बमोजिमको सहभागिता रहेको थियो ।

क. नगर प्रमुख

ख. उप प्रमुख

ग. प्रमुख प्रशासकीय अधिकृत

घ. सम्बन्धित वडाका वडा अध्यक्ष वा सदस्य वा वडा सचिव

ङ. योजना अधिकृत

च. लेखा अधिकृत

छ. सम्बन्धित वडा हेर्ने ईन्जिनियर तथा सव ईन्जिनियर/असिस्टेन्ट सव ईन्जिनियर कर्मचारीहरु

ज. सम्बन्धित शाखा प्रमुख/कर्मचारीहरु

### ४. अनुगमन समितिबाट भए गरेका गतिविधिहरु

क. योजना/कार्यक्रमहरुको सञ्चालन तथा अनुगमनको क्रममा देखिएका विषयहरु

- योजना कार्यान्वयन कार्यतालिका अनुसार उपभोक्ता समितिबाट कार्यान्वयन हुने योजनाहरुको सम्झौता गर्ने समय माघ १५ सम्म १५ लाखसम्म (कार्यपालिकाले निर्णय गरी १५ लाख माथीका ३ वटा योजना उपभोक्ता समिति मार्फत सञ्चालन भएको) विनियोजन भएका योजनाहरुको उपभोक्ता समितिहरुले सम्झौता गरी योजनाहरु कार्यान्वयन भएको ।
  - उपभोक्ता समितिहरु गठनमा नै ढिलाई हुने गरेको ।
  - सम्झौता पश्चात उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरु निश्कृय रहने र जेठ मसान्त वा असार महिनामा मात्र निर्माण कार्यमा सकृय हुने गरेको ।
  - योजना सम्पन्न गर्नका लागि आवश्यक बजेट एकै पटक माग नगर्ने र विनियोजन पनि कम रकम मात्र हुने गरेकोले सम्पन्न गर्ने धेरै समय लाग्ने गरेको ।
  - भिराला सडकहरुमा माटो कटिङ र ग्राभेल राख्ने गरेको ।
  - विशेषगरी उपभोक्ता समितिहरुले खाने पानिका ट्यांकीहरु निर्माण गर्दा गुणस्तर, क्षमतालाई ध्यान नदिने गरेको
  - योजनाको निर्माण कार्य सकिएको दिननै गरेका काम पानिले बगाएको/बिगारेको हुँदा योजनाको दिगोपनाको सोच कम देखिएको ।
  - उपभोक्ता समिति तथा ठेक्कामार्फत कार्यान्वयन हुने योजनाहरुको नियमित सुपरिवेक्षण वडा कार्यालयमा कार्यरत प्राविधिक तथा सम्बन्धित ईन्जिनियरहरुबाट हुन आवश्यक देखिन्छ।

ख. <u>योजना अनुगमनका क्रममा देखिएका विषयमा गरिएका सुधारका प्रयासहरु</u>

- Quality र Quantity कायम गर्नका लागि अनुगमनले सकारात्मक प्रभाव पारेको ।
- आयोजनास्थलमा अनिवार्य रुपमा आयोजना सूचना पाटी राख्न निर्देशन दिईएको ।
- ठेक्का मार्फत काम गर्दै गरेका योजनाहरुको सन्दर्भमा सम्झौता अवधि भित्र काम सम्पन्न गर्न सुझावको साथै सहजिकरण गरिएको ।
- केही योजनाहरु लागत अनुमान भन्दा फरक काम गर्ने गरेको देखिएकोले लागत अनुमान तयार गर्दा सरोकारवालाहरुलाई जानकारी गराई छलफल गरी के काम गर्ने हो एकीन गरेर मात्र लागत अनुमान तयार गर्न निर्देशन दिईएको।

- लागत अनुमान भन्दा कम काम गरेकोमा लागत अनुमान अनुसार सबै काम सक्न निर्देशन दिईएको ।
- कार्यसम्पन्न प्रतिवेदन तयार गर्नका लागि लिईएको नाप जाँच भन्दा कम काम गरेको भेटिएको अवस्थामा काम अनुसारको मात्र कार्यसम्पन्न प्रतिवेदन तयार गर्न लगाईएको
- गरेको काम अनुसार मात्र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको भएता पनि फिल्डको अवस्था हेरी तत्काल असर पर्ने देखिएको अवस्थामा सुधार गर्न लगाएको । ढलान गरेको सडक दायाँबायाँ पानीले माटो कटान गरी खोलेको अवस्थामा सो खाडल पुर्न लगाएर सडकको दिगोपन कायम गरेर मात्र भुक्तानी गरिएको ।
-

ग. <u>अनुगमनबाट प्राप्त पृष्ठपोषणका आधारमा आगामी दिनमा गर्नु पर्ने पक्षहरु</u>

- आर्थिक वर्ष २०८०।८१ मा सञ्चालन हुने योजना/कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि नगर कार्यपालिका बैठकबाट स्वीकृत कार्यतालिकाको पूर्ण कार्यान्वयनका लागि प्रयास गरिएं पनि विविध कारणले योजनाहरु सम्पन्न गर्न ढिलाई भएको । जसले गर्दा वर्षाद्को समयमा पनि काम हुँदा गुणस्तर र दिगोपनामा असर पर्ने हुँदा आगामी दिनमा तोकिएको समय भित्र काम सक्न सबै पक्षहरु संबेदनशिल हुनु पर्ने ।
- वजेट विनियोजन गर्दा संरचना निर्माण सम्पन्न भई प्रयोगमा आउन सक्ने अवस्था हुने गरी बजेट विनियोजन हुनु पर्ने ।
- विगतमा थोरै रकम विनियोजन भई निर्माण सम्पन्न नभएका योजनाहरुको लागि अधुरा योजनाको रुपमा लिई सम्पन्न हुने गरी वजेट व्यवस्थापन गर्न अति आवश्यक देखिएको ।
- विभिन्न वडाहरुमा सामुदायिक भवनहरु निर्माणको लागि उपभोक्ता समिति गठन हुने तर सन्चालन तथा व्यवस्थापनको लागि समिति सकृय नहुँदा निर्मित संरचनाको संरक्षण, मर्मत संभार तथा सदुपयोगमा ध्यान कम गएको देखिएकोले आगामी दिनहरुमा बजेट विनियोजन गर्दा संरक्षण हुने सुनिश्चित भएमा मात्र बजेट विनियोजन गर्न उपयुक्त हुने ।
- वडास्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति सकृय हुनु पर्ने ।
- भिरालो सडकहरुमा ग्राभेल गर्ने कामलाई निरुत्साहित गरी बजेटको अवस्था अनुसार ढुंगा सोलिङ वा ढलान गर्न अनिवार्य गर्नु पर्ने ।

- सडक किनारा तथा भिरालो जमिनमा योजना कार्यान्वयनको लागि लागत अनुमान वा कार्यक्रम बनाउँदानै माटो संरक्षणका जैविक उपायहरु (निगालो, अमृसो, कनिके फूलका विरुवा लगाउने आदी) अनिवार्य अपनाउनु पर्ने ।
- आयोजना सुचना पाटी राख्न अधिकांश उपभोक्ता समितिहरु अझै पनि उदासिन देखिएकोले काम शुरु गर्नु भन्दा अगाडिनै आयोजनास्थलमा सूचना पाटी अनिवार्य राख्ने व्यवस्था गरी पारदर्शिता कायम गर्न प्राविधिक तथा वडा कार्यालयहरुले सकृयता देखाउनु पर्ने ।
- अनुदान प्रदान गरिएका कार्यक्रमहरुबाट भएका उपलब्धी विश्लेषण तथा समिक्षा गरी सो को पृष्ठपोषणको आधारमा आगामी दिनमा कार्यक्रमहरु तय गर्नु पर्ने ।
- सबै योजना/कार्यक्रमहरुको भुक्तानी गर्नु अघि अनुगमन तथा सुपरिबेक्षण समितिबाट अनुगमन गरी सिफारिस हुनु पर्ने ।

### घ. अनुगमन गरिएका योजना/कार्यक्रमहरुको विश्लेषण (२०८०/८१)

| | | |
|---|---|---|
| नगरस्तरबाट अनुगमन गरिएका पूर्वाधार तर्फका योजना संख्या | ३४८ | |
| अनुगमन गरेका पूर्बाधार तर्फका योजनाको रकम | ३५००३८ | |
| प्रधानमन्त्री रोजगार कार्यक्रमबाट गरिएका योजना | २२ | |

वडा अनुसार नगरस्तरबाट अनुगमन गरिएका योजनाहरुको विवरण

| वडा नं. | योजना अनुगमन संख्या | रकम (रु हजारमा) | कैफियत |
|---|---|---|---|
| १ | ४७ | ३६११३ | |
| २ | २९ | ३६१३६ | |
| ३ | ४३ | ४९४९१ | |
| ४ | ४९ | ४०९०० | |
| ५ | ३१ | ३३१०० | |
| ६ | ४१ | ३९५६३ | |
| ७ | ३० | ३२७३४ | |

| | | | |
|---|---|---|---|
| ८ | ३८ | ४६६१० | |
| ९ | ४० | ३५३९२ | |
| जम्मा | | ३५००३९ | |

| प्रतिवेदन तयार कर्ता | प्रतिवेदन पेश कर्ता |
|---|---|
| नामः राममणि ढकाल | नामः समिता श्रेष्ठ |
| पदः योजना अधिकृत | पदः उप प्रमुख |
| हस्ताक्षर | हस्ताक्षर |
| मितिः २०८१।३।३१ | मितिः २०८१।३।३१ |

अनुसूची ३

शंखरापुर नगरपालिकाको उपभोक्ता समिति व्यवस्थापन तथा परिचालन सम्बन्धी कार्यविधि, २०७५ को तीन महले

| साविक व्यवस्था | हालको व्यवस्था | संसोधन गर्नु पर्ने कारण |
| --- | --- | --- |
| दफा २१ः उपभोक्ता समिति दर्ता गर्नु पर्ने | उपभोक्ता समिति दर्ता र नविकरण सम्बन्धी व्यवस्थाः आवश्यक सबै कागजातहरु पुरा भए पश्चात नगरपालिकाले अनुसूची ८ बमोजिमको प्रमाण पत्र दिनु पर्नेछ भन्ने वाक्यांश पछि देहाय वमोजिम थप गर्ने<br>यस नगरपालिकामा दर्ता भएका उपभोक्ता समितिहरुले वार्षिक सांधारण सभा गरी लेखापरिक्षण समेत गराउनु पर्नेछ । यसरी वार्षिक साधारण सभा सम्पन्न गरी नविकरणको लागि नगरपालिकामा निवेदन दिएमा अनुसूची ८ बमोजिमको ढाँचामा नविकरण गर्न सकिनेछ । | नविकरणको व्यवस्था थप गर्नु पर्ने । |
| दफा २१ः अनुसुची ७ वमोजिम | अनुसूची ८ बमोजिम | दर्ताको प्रमाण पत्रको नमूना अनुसूची ८ मा रहेकोले । |

अनुसूची ८

(कार्यविधिको दफा २१सँग सम्वन्धित)

शंखरापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
साँखु, काठमाण्डौं ।

उपभोक्ता समिति दर्ता प्रमाण पत्र

दर्ता मितिः

दर्ता नम्बरः

श्री ................................

शंखरापुर नगरपालिका- ।

...................................., यस नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ (पहिलो संसोधन, २०७८) को दफा २१ को प्रावधान अनुसार सोही कार्यविधिको, अनुसुची ८ बमोजिम २०.....।.....।..... गते यस नगरपालिकामा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

दस्तखतः

नाम, थरः

पदः

## नविकरण

| क्र.सं. | नविकरण भएको मिति | नविकरण कायम रहने अवधि | दस्तुर/ भौचर मिति | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची ४

### शंखरापुर नगरपालिका लैंगिक हिंसा व्यवस्थापन कार्यविधि, २०७८ को तीन महले

| साबिक व्यवस्था | हालको व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|
| दफा २ को (त) थप | लैंगिक हिंसा निगरानी समुह भन्नाले दफा २क (१) बमोजिम गठन भएको समुह सम्झन्नु पर्दछ | कार्यविधिमा लैंगिक हिंसा निगरानी समुहको व्यवस्था गर्नु पर्ने भएकाले । |
| दफा ३क. थप | लैंगिक हिंसा निगरानी समुहको गठन:<br>१. नगरपालिकाको महिला विकास कार्यक्रम अन्तर्गत गठन भएको महिला समुह, महिला विकास समितिका सदस्यहरुलाई उपस्थित गरी लैंगिक हिंसा व्यवस्थापनको क्षेत्रमा रुचि राख्नेसदस्यहरु मध्येबाट घरधूरी संख्या तथा आवश्यकताको आधारमा ४, ६ र ८ जना सम्म सदस्य रहने गरी लैंगिक हिंसा निगरानी समुह गठन गरिने छ ।<br>२) छनौट्भएकासदस्यहरुबाट एक जना संयोजक छनौट गरिने छ ।<br>३) लैंगिक हिंसा निगरानी समुहको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।<br>क) लैंगिक हिंसा, महिला सुरक्षा, बाल संरक्षणका मुद्दाहरुलाई उठाउने,<br>ख) लैंगिक हिंसा विरुद्ध आम नागरिकलाई सचेत गर्नु ,<br>ग) लैंगिक हिंसाका घटना घट्ननदिनआवश्यक प्रभावकारी रुपमा खवरदारी गर्ने,<br>घ) परिवार , बस्ती र वडा, भित्र दवाएर राखेका महिला विरुद्धका हिंसा तथा अपराधिक घटनाहरुको उजागर गरी कानून बमोजिमकारवाहीगर्न आवश्यक सहयोग गर्नु,<br>ङ) हिंसामा परेको महिलालाई नगरपालिकाबाट व्यवस्था गरेको सहायता कोषबाट प्राप्त हुन सक्ने जिविकोपार्जनको अनुदान दिलाउने प्रक्रियामा सहयोग गर्ने,<br>च)हिंसामापरेकोबालबालिकालाईबालसुलभहेरचाहको सुनिश्चित गर्ने,<br>छ) हिंसामा परेका महिलालाई सुरक्षा र पुनस्थापनाको लागि आवश्यकता अनुसार व्यवस्था मिलाउन पहल गर्ने,<br>ज) लैंगिक हिंसा निगरानी किताव खडा गर्ने तथा मास्केवारी तयार पार्ने कार्यमा आवश्यकता अनुसार समितिलाई सहयोग गर्ने । | कार्यविधिमा लैंगिक हिंसा निगरानी समुहको गठान, काम, कर्तव्य र अधिकारको व्यवस्था गर्नु पर्ने भएकाले । |